# रावा बेसी गाउँपालिका अध्यक्ष श्री फटिक कुमार श्रेष्ठबाट प्रस्तुत

## आ.व. २०८१।८२ का लागि वार्षिक नीति कार्यक्रम

# रावा बेसी गाउँपालिका

हरमटार, कुभिण्डे, खोटाङ

यस पन्ध्रौ गाउँ सभाका, अतिथि ज्यूहरु लगायत सम्पूर्ण गाँउसभा सदस्यज्यूहरु ।

नेपालको संविधान जारी भएसँगै संघीयताको कार्यान्वयनका लागि २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनको पाँच वर्षे कार्यकाल सम्पन्न भइ २०७९ बैशाख ३० गते सम्पन्न भएको निर्वाचनमा स्थानीय तहमा निर्वाचित भइ सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्य शक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकारको आभास गराउने अभ्यासको अवसरको रुपमा स्थानीय तहको दोस्रो कार्यकालको तेस्रो वर्षको लागि यस रावा बेसी गाउँपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई यस सम्मानित एवं गरिमामय सभामा पेश गर्न पाउँदा मैले आफूलाई भाग्यशाली महशुस गरेको छु ।

यसै अवसरमा विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिको लागि भएका राजनैतिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी साहदत् प्राप्त गर्दै मुलुकलाई आजको यो ऐतिहासिक क्षण दिलाउनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर अमर शहिदहरु प्रति म हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । आम नागरिकहरुको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारसँग नगरिकका

चाहाना र अपेक्षा धेरै छन् । सिमित स्रोत साधनले हाम्रो असिमित आवश्यकता पूरा गर्नु हाम्रो चुनौती हुँदाहुदै पनि समुदायका आवश्यकता पूरा गर्ने, समस्या समाधान गर्ने, आर्थिक सामाजिक र भौतिक पुर्वाधारहरुको विकासका माध्यमबाट सेवा प्रवाह गरी जनजीवन सुखमय बनाउनु हाम्रो प्रमुख उदेश्य हो।

यस अर्थमा स्थानीय स्तरमा विकास र लोकतन्त्रको सफल अनुभुती दिलाउन रावा बेसी गाउँपालिकाले संघ र प्रदेश सरकार तथा स्थानीय आन्तरिक श्रोतबाट प्राप्त बजेटलाई कार्यान्वयन गर्दै सबै खालका विकास निर्माणलाई सहभागिताका ढंगले समानुपातिक वितरणका माध्यमबाट तिव्रताका साथ अगाडी बढाइने कुरा यहाँहरुलाई विश्वास दिलाउन चाहान्छु ।

विकास निर्माणमा सबैको सहयोग, सहकार्य र समन्वयबाट मात्र सम्भव हुने भएकोले यस गाउँपालिकाको विकास निर्माणको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्न यहाँहरुको अमुल्य सहयोग हुनेछ भन्ने मैले आशा र पुर्ण विश्वास लिएको छु । हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोगको भूमिकामा रहनु हुने यहाँ क्रियाशील सम्पूर्ण राजनैतिक दलहरु, नागरिक समाजका

अगुवा तथा आम जनसमुदाय, पेशागत सामुदायीक संघ, संस्थाहरु सुरक्षा निकाय, बुद्दिजिबी वर्ग र सञ्चारकर्मीहरु सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु र निरन्तर सहयोगको अपेक्षा राख्दै यहाँहरु प्रति आभार व्यक्त गर्न चाहान्छु।

ऐतिहासिक संघर्ष र आन्दोलनबाट स्थापित लामो समय देखिको यस गाउँपालिकाको नाम र केन्द्रको बिबादलाई सम्मानित सर्वोच्च अदालतबाट मिति २०८० चैत्र २२ गते फैसला भई नाम रावा बेसी र केन्द्र हरमटार कायम गर्न सफल भएको कुरा यहाँहरुलाई सर्व विदीतै छ ।यस रावा बेसी गाउँपालिकाको प्रशासनिक भवनको ठेक्का सम्झौता गरी निर्माण कार्य अघि बढाई सकिएको कुरा यस सभालाई अवगत गराउन चाहान्छु । यसले प्रशासनिक स्थायित्व कायम हुने विश्वास लिएको छु ।

रावा बेसी गाउँपालिकामा आर्थिक र सामाजिक क्षेत्रमा क्रमशः सकारात्मक परिवर्तन हुँदै गएको कुरा आम नागरिकहरुमा देखिएको कुरा समेत हामी सबै बीच छर्लङ्ग छ । यस क्षेत्रमा बन्न लागेको ६७० मेगावाटको नेपालकै राष्ट्रिय गौरवको आयोजना दुधकोशी हाइड्रोले भर्खरै भोजेघाट स्थित तिर्पा बेसीमा मोटरेबल पुर र लामिडाँडामा आयोजनाको प्रशासनिक भवन निर्माण गर्न ठेक्का

सम्झौता समेत गरिसकेको छ । साथै उक्त आयोजना निर्माण गर्न जग्गा अधिकरण प्रकृया अघि बढाउन निरन्तर पहल गरिएको कुरा यस सभालाई जानकारी गराउन चाहान्छु ।

दिगो विकास र समुन्नतीको अभियानमा अपेक्षित जनसहभागिता सुनिश्चित गर्नु, विकासलाई वातावरण, गुणस्तरियता र जनजिविकासँग प्रत्यक्ष रुपमा जोड्न, समतामूलक एवं सहभागितामूक समाज निर्माण गर्न, सबल अर्थतन्त्र निर्माण गर्न, स्वस्थ, सभ्य र मर्यादित समाज निर्माण गर्दै रावा बेसी गाउँपालिकाको सुखद भविष्य निर्माण गर्न, जनताहरुका असिमित इच्छा, चाहाना र आवश्यकताको परिपुर्ती गर्दै समानुपातिक र सन्तुलित विकास गर्नु र गाउँपालिकाले लिएको जुन लक्ष्य, योजना र गतिका साथ जनतालाई छिटो छरितो सेवा प्रवाह गर्ने र द्रुत गतिमा  विकास अघि बढाउँने कार्य निकै नै कठिन र चुनौतिपूर्ण छ भन्ने कुरामा हामी सबै बिदितै छौं । तथापी स्थानीय तह जनताका लागि सबै भन्दा नजिकको आस्था र भरोसाको केन्द्र भएकोले यी सबै कुराहरु र परिस्थितीलाई मध्यनजर गर्दै कृषि, स्वास्थ्य, शिक्षा, आर्थिक विकास, रोजगारी, गरिवी निवारण र पुर्वाधार

क्षेत्रलाई नै मुख्य आधार बनाई नीति तथा कार्यक्रम तयार गर्ने प्रयास गरिएको छ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

स्थानीय तहमा हामी निर्वाचित भएर पनि दुई वर्षे कार्यकाल समाप्त भइ सकेकोछ । चालु आ.व. को वार्षिक कार्यक्रमहरु सम्पन्न भई सकेको र क्रमागत रुपमा रहेका योजना तथा कार्यक्रमहरुलाई सम्पन्न गर्न आवश्यक ठानेको छु । दुई वर्षको कार्यकालमा पूर्ण रुपमा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्युहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहान्छु ।

**यस सम्मानित सभाका सदस्य ज्यूहरु,**

आगामी आ. व. २०८१।८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानून, कार्यविधि तथा मापदण्ड, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाको स्रोत साधन विकासका अन्तर सम्बन्धित विषयहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा गरिएका प्रतिबद्दताहरुलाई आधारको रुपमा लिइएको छु।

अब म रावा बेसी गाउँपालिकाको आ.व.२०८१।८२ का प्रमुख नीति तथा  प्राथमिकताका क्षेत्रहरु प्रस्ततु गर्ने अनुमति चाहान्छु ।

- ❖ स्थानीय तहको आम्दानी बढाउन विभिन्न क्षेत्र पहिचान गरी राजश्वको दायरा विस्तार गरिनेछ ।
- ❖ स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- ❖ गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिइनेछ ।
- ❖ सिमा निर्धारण भएका विषय र बजेटको अधिनमा रहेर मात्र बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ ।
- ❖ गरिबी निवारणमा टेवा पुऱ्याउने तथा रोजगारमूलक योजनाहरुलाई कार्यक्रममा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।
- ❖ बजेट कार्यान्वयनको लागि बजेट क्यालेन्डर बनाईनेछ र कडाइकासाथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

**आर्थिक विकास नीतिः**

१. गुप्तेश्वर महादेव मन्दिर लगायत अन्य ऐतिहासिक स्थलहरुलाई पहिचान गरी उचित संरक्षण सम्वर्द्धन तथा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका कार्यक्रमहरु अगाडी बढाईनेछ ।

२. गाउँपालिका भित्र बसोवास गर्ने विभिन्न जातजाति, भाषा, धर्म, कला तथा संस्कृतीको उचित संरक्षण तथा प्रवर्धन गरिनेछ ।

३. कृषिमा आधुनिकीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धी गरिनेछ ।

४. खाद्यान्न बालिको गुणस्तरीय बिउ उत्पादन तथा परम्परागत बालीहरुको संरक्षण गरिनेछ ।

५. उत्पादित कृषि उपजलाई बजारसम्म पुर्याउन ढुवानीमा अनुदान प्रदान गरिनेछ ।

६. नगदे बाली प्रवर्धन तथा तेलहनजन्य बालीको उत्पादन तथा मौरी पालनलाई आपसमा जोडी आर्थिक उपार्जनमा बढवा दिईनेछ ।

७. बाँझो जमिनको प्रयोग गरी  फलफूल खेतीलाई प्रवर्धन गरिनेनेछ ।

८. बाली विरुवामा देखिने रोग निधानक◌ा लागि विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

९. कृषकहरुलाई आवश्यकताको आधारमा ५० देखि ८५ प्रतिशत अनुदानमा कृषि सामाग्रीहरु वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१०. पशुपालनलाई आयमुलक व्यवसायको रुपमा विकास गर्न र पशुजन्य रोगको नियन्त्रण गर्न आवश्यक औषधिको व्यवस्था गरिनेछ ।

११. पशुहरुमा रोग निधानक◌ा लागि प्राविधिक सेवा घर गोठमै निशुल्क प्रदान गरिनेछ ।

१२. लम्पी स्किन रोग लगायत संक्रामक रोगहरुको नियन्त्रण गर्न आवश्यक खोपहरुको व्यवस्था गरिने छ ।

१३. गुणस्तरीय पशु आहारको लागि विभिन्न किसिमका हिउँदे तथा वर्षे घाँसको बिउ तथा वेर्णा सहुलियत अनुदानमा प्रादान गरिनेछ ।

१४. गाउँपालिकालाई तेलहन तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाईनेछ ।

१५. यस आ.व.बाट एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. नगदे बाली तथा मसलाजन्य खेती मार्फत कृषकलाई आर्थिक उपार्जनमा जोडिनेछ ।

१७. रावा खोला तथा दुध कोशीमा करेन्ट लगाएर माछा मार्ने कार्यलाई दण्डित गरिनेछ ।

१८. पालिकामा स्थापित रोजगार सेवा केन्द्र मार्फत बेरोजगारहरुको तथ्याङ्क संकलन गरी प्राथमिकताको आधारमा रोजगारी प्रदान गरिनेछ ।

१९. संघीय सरकारसँगको लागत साझेदारीमा लिची तथा माछा पकेट क्षेत्र घोषणा गरी सञ्चालन गर्ने नीति लिईनेछ ।

२०. कृषि क्षेत्रलाई अत्यावश्यक सिंचाई सुविधा प्रदान गर्न प्रदेश सरकार र रावा बेसी गाउँपालिकाको साझेदारीमा रावा बेसी बृहत सिंचाई योजना संचालन गरिनेछ ।

सामाजिक विकास सम्बन्धी नीतिः

१. स्मार्ट स्कुल अवधारणा, गाउँपालिका स्तरीय अधिकार सम्पन्न शिक्षा समिति तथा स्कुल सुधार योजना" भन्ने नारालाई व्यवहारिकतामा लागु गरिनेछ।

२. पालिका स्तरीय कक्षा ८ को परीक्षालाई निष्पक्ष तथा पारदर्शी बनाउन परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि कोषको व्यवस्था गरिनेछ ।

३. सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई प्रभावकारी बनाउन आवश्यकताको आधारमा शिक्षक काज सरुवा तथा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

४. आगामी शैक्षिक-सत्र २०८२ देखी रावा बेसी गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा कक्षा १ देखी अनिवार्य रुपमा अंग्रेजी माध्यमबाट पठन पाठन गरिने नीति अवलम्बन गरिनेछ ।

५. शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता मासिकरुपमा उपलब्ध गराईने कार्यलाई निरन्तरता दिईनेछ ।

६. शिक्षक र विद्यालय कर्मचारीहरुलाई समय समयमा तालिम तथा सेमिनार मार्फत क्षमता अभिवृद्धि गरिनेछ ।

७. विद्यालयमा आवश्यक पर्ने शैक्षिक सामाग्री बुक कर्नर तथा शिक्षण सिकाईका लागि शिक्षक निर्देशिकाको प्रयोगमा प्राथमिकता दिईनेछ ।

८. कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुमा निःशुल्क शिक्षा दिनको लागि पालिकाबाट आवश्यक अनुदान उपलब्ध गराईनेछ ।

९. सामुदायिक विद्यालयलाई क्रमशः प्रविधियुक्त बनाउँदै लगिनेछ।

१०. वडागत रुपमा तथा पालिका मार्फत युवा तथा खेलकुद विकासलाई प्रोत्साहन गरिनेछ ।

११. रावा बेसी गाउँपालिका, कोशी प्रदेश सरकार र करुणा फाउण्डेशनको त्रिपक्षीय लागत साझेदारीमा संचालीत अपाङ्गता पहिचान, रोकथाम तथा क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. रावा बेसी गाउँपालिकामा रहेका सम्बन्धित सरोकारवालाहरुका लागि मनोसामाजिक परामर्श कार्यक्रम मार्फत मानसिक स्वास्थ्य सुधार गरिनेछ ।

१३. खानेपानीको मुहान सरसफाई तथा संरक्षण गरी दिगो विकासको लक्ष्य अन्तरगत स्वच्छ पानी प्रदान गर्न एक घर एक धारा बानाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१४. गाउँपालिकाद्वारा सञ्चालनमा रहेको गाउँ अस्पताललाई निरन्तरता दिईनेछ ।

१५. सुख्खा क्षेत्रमा खानेपानी पुर्याउन वैकल्पिक व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१६. रिचार्ज पोखरी निर्माण तथा संरक्षण गरिनेछ ।

१७. महिलाहरुको आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, फिस्टुलाको समस्यालाई स्वास्थ्य चौकीबाट नियमित स्क्रिनिङको व्यवस्था मिलाई उपचार सेवा उपलव्ध गराईनेछ।

१८. गाउँपालिकाभित्रका ४५ वर्षभन्दा माथिका विधुर पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता अन्तरगत विधुर भत्ता दिने नीतिलाई निरन्तरता दिईनेछ ।

१९. ज्येष्ठ नागरिकहरुलाई विशेष सम्मानका कार्यक्रमहरु राखिनेछ र उनीहरुको ज्ञान, सिप र अनुभवलाई सदुपयोग गर्ने नीति लिईनेछ ।

२०. गाउँपालिकाभित्र स्थापित राष्ट्रिय वाणिज्य बैंक र प्रभु बैंकसँग आवश्यक समन्वय गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप सहज र प्रभावकारी बनाईनेछ ।

२१. आ. व. २०८१।०८२ बाट सामाजिक सुरक्षा भत्ता वितरणलाई थप प्रभावकारी बनाउन बायोमेट्रिक भेरिफिकेशन डिभाईस मार्फत भत्ता नवीकरण गर्ने व्यवस्था मिलाईनेछ ।

२२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको मृत्यु पश्चात ३५ दिनभित्र मृत्यु दर्ता गरे बापत परिवारलाई दिईने सहुलियत शुल्कलाई निरन्तरता दिईनेछ ।

२३. गाउँपालिकाभित्रका सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलव्ध गराईनेछ ।

२४. आगामी आ.व. बाट जेष्ठ नागरिक तथा असहायसँग स्वास्थ्य कार्यक्रमको थालनी गरिनेछ ।

२५. स्थानीय तह मातहतका सबै स्वास्थ्य संस्थाहरुको एकिकृत नेटवर्क तयार गरी विद्युतीय स्वास्थ्य तथ्यांक प्रणाली सञ्चालन गरिनेछ ।

२६. अस्पतालजन्य संक्रामक फोहोरमैलालाई प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

२७. रावा बेसी गाउँपालिकाभित्र सञ्चालित व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता गरी राजश्वको दायरामा ल्याईनेछ ।

२८. खेलकुद कार्यक्रम मार्फत रावा बेसी गाउँपालिकाको पहिचान अभिवृद्दि गरिनेछ ।

२९. गाउँपालिकाभित्र आँखा परिक्षण तथा उपचार सम्बन्धी शिविर सञ्चालन गरिनेछ ।

३०. जनप्रतिनिधी र कर्मचारीलाई सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

३१. पचास वर्ष उमेर पुगेका अविवाहित महिलाहरुलाई जीवन निर्वाह भत्ता प्रदान गराईनेछ ।

३२. अपाङ्गता सम्बन्धी मिलिजुली संस्थाहरुलाई बिउ पुँजी प्रदान गरिनेछ ।

३३. अपाङ्गता भएका व्यक्तिहरुलाई आयमुलक कार्यक्रमसँग जोडी जिबिकोपार्जन गर्न सक्षम बनाईनेछ ।

३४. महिला स्वयम सेविकाहरुलाई यातायात तथा सञ्चार खर्चको व्यवस्था गरिनेछ ।

३५. दलित जनजाती तथा लोपोन्मुख समुदायको आर्थिक स्तर उकास्ने कार्यक्रम सञ्चालन गरी आयआर्जनमा वृद्दि गर्ने नीति अवलम्बन गरिनेछ ।

३६. यस रावा बेसी गाउँपालिका क्षेत्रमा व्यापक विस्तार हुँदै गएको फलफूल खेतीलाई व्यापक विकास र बिस्तार गर्न फलफूल जोन निर्माण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. रावा बेसी गाउँपालिका, हलेसी तुवाचुङ नगरपालिका र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको भुगोलहरु समेट्ने गरी आ व ८१।८२ देखि जिल्ला औधोगिक करिडोर सञ्चालन गर्ने तयारी अन्तिम चरणमा रहेको हुँदा सो औधोगिक करिडोरलाई अपुग रहेको भौतिक संरचना तयार गर्न सम्बन्धित मन्त्रालय समक्ष माग गरी निर्माण सम्पन्न गरिनेछ ।

<u>पूर्वाधार विकास नीतिः</u>

१. विद्यालय तथा अन्य भौतिक संरचना बालमैत्री तथा अपाङ्गमैत्री निर्माण गरिनेछ ।

२. गाउँपालिकाभित्रका सडकहरु क्रमशः वर्गीकरण तथा स्तरोन्नती गरिनेछ ।

३. छ वटै वडा समेट्ने गरि रिङ रोडको अवधारणा अनुरुप गुरुयोजना तयार गरिनेछ ।
४. गाउँपालिकाको मुख्य-मुख्य स्थानमा रहेका सडक बत्तीहरुलाई व्यवस्थित गरिदै लगिनेछ ।
५. गाउँपालिकाका मुख्य सडकहरुको खोलाहरुमा मोटरेबल पुल संघ र प्रदेश सरकार संघ समन्वय गरी निर्माण गरिनेछ ।
६. गाउँपालिकाबाट सञ्चालन हुने प्रत्येक योजनाहरुको लागि योजना किताब तयार गरी लागु गरिनेछ ।
७. प्रत्येक वडाहरुमा उपभोक्ता समितिलाई योजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
८. गाउँपालिका क्षेत्रभित्र सबै खालका पुर्वाधारको निर्माणमा मौलिक ज्ञान, प्रविधि र सामग्रीको प्रयोगको लागि प्रेरित गरिनेछ।
९. गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने योजनाहरुमा उपलव्धी नदेखिने र साना साना योजनाहरुलाई निरुत्साहित गरिनेछ ।
१०. गाउँपालिकाबाट सञ्चालित सबै योजना सञ्चालन गर्दा शुन्य पेश्कीमा सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तररुपमा अवलम्बन गर्दै लगिनेछ ।

११. तीन लाखभन्दा माथि लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होर्डिङ बोर्ड) अनिवार्य राख्नु पर्ने हालको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१२. गाउँपालिका क्षेत्रका सडक छेउमा पर्ने नयाँ पक्की घरहरु निर्माण गर्दा मापदण्ड अनुरुप अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

१३. सहज रुपमा हिँडडुल गर्न गोरेटो बाटोहरुको निर्माण गरी पैदलयात्री केन्द्रित गाउँको रुपमा गाउँपालिकाको विकास गरिनेछ ।

१४. सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न इन्टरनेटको सुविधा नपुगेका क्षेत्रमा निजी क्षेत्रसँगको साझेदारीमा इन्टरनेट सुविधा विस्तार योजना सञ्चालनमा जोड दिईनेछ ।

१५. टेलिफोन सुविधा नपुगेको ठाउँमा टेलिफोन सुविधा पुर्याउन र फोर जी इन्टरनेट सुविधा दिन टावरको माग गरिनेछ ।

१६. उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको नापी किताब, लागत अनुमान, कार्यसम्पादन मूल्याङ्कन लगायतका कागजातहरु नेपाली भाषामा बनाई लागु गरिनेछ ।

१७. वडाका सेवाहरुलाई पक्की भवन मार्फत सञ्चालन गरिने अभियान अन्तरगत बाँकी रहेका वडाहरु २, ४ र ६ नम्बर वडामा पक्की भवन निर्माण सम्पन्न गरिनेछ । साथै जनताको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न वडा नम्बर १२६ कुभिण्डे हौचुरमा स्वास्थ्यचौकी पक्की भवन निर्माण सम्पन्न गरिनेछ ।

<u>वातावरण तथा विपद व्यवस्थापन नीतिः</u>

१. गाउँपालिकाका सबै नाङ्गो क्षेत्रहरुमा वृक्षारोपण गरी यस पालिकालाई सुन्दर, हरियाली तथा हराभरा गाउँपालिकाको रुपमा पहिचान दिई पर्या-पर्यटनको विकासमा जोड दिईनेछ।

२. ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातारणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परिक्षण (IEE)सम्पन्न गरिएका खोलाहरुबाट मात्र नदीजन्य पदार्थ उत्खनन् गरिनेछ।

३. गाउँपालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE /EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावली बमोजिम आवश्यक कानून तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा जोड दिईनेछ।

४. विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभ सम्बन्धी क्षमता विकासका लागी सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

५. गाउँपालिका र वडा स्तरीय प्रकोप व्यवस्थापन समितिलाई सक्रिय राखी विपद् उद्दार तथा राहत सामाग्रीको पर्याप्त मौज्दातको व्यवस्था गरिनेछ । साथै विपद् व्यवस्थापन कोषलाई थप मजबुत बनाईनेछ।

६. जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्दि, प्रतिकूल प्रभावको न्यूनीकरणका लागि साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

<u>सुशासन र संस्थागत विकास नीतिः</u>

१. गाउँपालिको कार्यालयको जिन्सी, लेखा, योजना, दर्ता चलानी आदिका कामहरुलाई सफ्टवेर मार्फत प्रभावकारी बनाउदै लगिनेछ।

२. योजना सम्झौता प्रणालीलाई पहुँच वृद्धि गरी घरघरमा नागरिक सेवालाई मुर्त रुप दिन वडास्तरमै गइ सम्झौता शिविर सञ्चालन गरिने साथै समुहको बैंक खाता समेत वडामै

खोल्न सहजिकरण गरी उपभोक्ता समुह अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. न्यायिीक समितिबाट भएका निर्णय र सम्पादित कामहरुलाई व्यवस्थित बनाउन विद्युतीय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ ।

४. न्यायीक समिति तथा मेलमिलापकर्ताहरुलाई क्षमता विकासका लागि आधारभूत मेलमिलापकर्ता तथा पुनरताजगी तालिम दिइनेछ ।

५. "म भ्रष्टाचार गर्दिन म भ्रष्टाचार हुन दिन्न म देश र जनताप्रति इमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञा सहितको कार्य सुसंस्कृतीको प्रर्वद्धन गरिनेछ ।

६. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री बनाई जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनीधि तथा कर्मचारी सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

७. सबैभन्दा बढि कर संकलन गर्ने र तोकिएको समय सिमाभित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने वडालाई थप विकास खर्च प्रोत्साहन योजना प्रदान गर्ने नीति लिइनेछ।

८. गाउँपालिकाका हरेक शाखाहरुको प्रगति समिक्षा गरी उपलब्धीको आधारमा मात्र थप बजेट विनियोजन गरिनेछ । साथै प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ ।

९. सार्वजनीक खरिदलाई अझ थप पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गर्न खरिद इकाईको गठन गरी सोही इकाई मार्फत सम्पूर्ण खरिद कार्य गरिनेछ ।

१०. सार्वजनिक सम्पत्तीको सुरक्षा र संरक्षण गरिनेछ ।

११. रावा बेसी गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुको संगठनात्मक पुनर्गठन गरिनेछ ।

१२. महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति लगायत सम्पूर्णलाई सुरक्षाको प्रत्याभूति दिलाउने नीति अवलम्बन गरिनेछ ।

१३. कुनै पनि NGO INGO तथा संस्थाहरुलाई गाउँपालिकामा सूचीकृत भए पश्चात मात्र कार्य सञ्चालन गर्न दिईनेछ ।

१४. जिल्ला मालपोत तथा नापी कार्यालयसँग समन्वय गरी गाउँपालिकाबाटै मालपोत सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

अन्त्यमा,

हामीले अबका दिनमा अवलम्बन गर्ने राजनीतिक चिन्तन, दृष्टिकोण, नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन, आवश्यक कानून तर्जुमा र कार्यान्वयन, समावेशीकरण र सन्तुलित विकासका लागि भएका प्रयास, समन्वय सहकार्य र सह-अस्थित्वको कुराहरु साथै प्रशासकीय र व्यवस्थापकीय क्षमता, नागरिकले प्राप्त गर्ने सार्वजनिक सेवाको पहुँच र समतामूलक स्रोतको उपयोग जस्ता यी सबै कुराहरुलाई मध्यनजर गरी आम रावा बेसी नागरिकको मुहारमा निरन्तर खुसी प्रदान गर्न सकौं। यस गाउँपालिकाको विकास, सम्वृद्धि, उन्नति र प्रगतिका लागि आजसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समन्वय, सह-अस्थित्व र सहकार्य गर्नुहुने सम्पूर्ण जनप्रतिनीधिहरु, राजनीतिक दल, संघ संस्थाहरु प्रतिष्ठित व्यक्तित्वहरु र कर्मचारीहरु प्रति म हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु । यस्तै गरी हाम्रो माग बमोजिम योजना तथा बजेट विनियोजन गर्नु हुने संघ तथा प्रदेश सरकारलाई विशेष आभार

प्रकट गर्दछु । यस नीति तथा कार्यक्रम निर्माणका लागी आफ्ना अमूल्य सुझाव पठाई सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दल, पेशाकर्मी, बुद्दिजीवि, कृषक तथा श्रम्रजीवि महानुभावहरुमा विशेष धन्यवाद ज्ञापन गर्दै यो नीति कार्यक्रम कार्वान्यनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !